# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०५।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी शम्भु प्रसाद यादव रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का (२०७१ साल भाद्र १ गतेदेखि मिति २०७६ साल आषाढ मसान्तसम्मको लागि रु.५४,६४,००६ सकार गर्ने जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष शम्भु प्रसाद यादवले मिति २०७३।१०।०४ सम्ममा जम्मा रु.१९,४२,८०१/२० मात्र साविक सहोडवा गा.वि.स.लाई बुझाएको र आफू वडाध्यक्षमा निर्वाचित भएपछि पिपरा गाउँपालिकालाई बुझाउनु पर्ने कुनै पनि किस्ता रकम नबुझाई आफूलाई ठेक्का वापतको बाँकी रकम रु.३५,२१,२०४/८० बदनियतपूर्वक हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेकोले निज वडाध्यक्ष शम्भुप्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम दफा ३(१) र दफा ३(१) को खण्ड (छ) बमोजिम सजाय हुन तथा हानिनोक्सानी भएको बिगो ऐ.ऐनको दफा १७ बमोजिम असुल उपर हुन,
मागदाबी लिई बिशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई बिषेश अदालतबाट मिति २०८०।०८।२७ मा निम्न आधारहरुमा सफाई दिएको:

- यी प्रतिवादीले सम्झौता गर्दाको अवस्थामा निर्वाचित पदाधिकारी रहेको नदेखिएको अवस्थामा निजलाई सार्वजनिक पदका व्यक्ति हुन् भनी अभियोजन पक्षले प्रमाणित गर्न सकेको नदेखिदा निजलाई प्रस्तुत अभियोगमा कारबाही हुने अवस्था नरहने।
- सार्वजनिक पदाधिकारीले गरेको अपकार्यकालागि मात्र आरोपित कसूरमा अनुसन्धान गरी कारबाही चलाउन सकिने कानूनी व्यवस्थालाई पछिबाट धारण गरेको सार्वजनिक पदलाई आधार मानी सो पदमा प्रवेश नहुदैको अवधिमा गरेको कामकारबाहीकोलागि सार्वजनिक पद हो भनी मुद्दा चलाउन न्यायोचित नहुने।
- सार्वजनिक पदमा नरहेको अवस्थामा भए गरेका व्यवहारका लागि निर्धारित समय अवधि पछिबाट प्राप्त सार्वजनिक पदको आधारमा कसूरमा संलग्न भएको भनी कसूर कायम गर्नु संविधान, कानून र न्यायका मान्य सिद्धान्त विपरित हुन जाने।
- प्रतिवादीले अदालतको वयानमा "यदी रकम बाँकी तिर्न छ भनी मलाई जानकारी गराएको भए तिर्न तयार छु।विल भौचर देखाई हरहिसाब गरी बाँकी रहेको रकम तिर्छु भनी भनेको छु"भनी वयान गरेको देखिदा गाउँपालिकाको ठेक्का वापतको रकम हिनामिना हुने अवस्था समेत देखिदैन।यसरी गाउँपालिकाले पाउनुपर्ने रकम पनि नडुब्ने र यी प्रतिवादीले सामान्य नागरिकको हैंसियतमा गरेको ठेक्का कबुलियत सम्झौताको शर्त उल्लंघन गरेकोमा फौजदारी दायित्व पनि बेहोर्नु नपर्ने भएबाट Equity Justice को दृष्टिकोणले पनि न्यायिक संतुलन हुन जाने देखिएको ।

बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०९ मा पुनरावेदन गरिएको छ ।

**देहायः**

क. जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का (२०७१ साल भाद्र १ गतेदेखि मिति २०७६ साल आषाढ मसान्तसम्मको लागि रू.

५४,६४,००६/- सकार गर्ने जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष शम्भु प्रसाद यादवले मिति २०७३।१०।०४ सम्ममा जम्मा रू. १९,४२,८०१/२० मात्र साविक सहोडवा गा.वि.स.लाई बुझाएको र आफू वडाध्यक्षमा निर्वाचित भएपछि वडाध्यक्ष पदको प्रभाव पारेर बुझाउन पर्ने ठेक्का वापतको बाँकी रकम रू.३५,२१,२०४/८० हानिनोक्सानी गराएको निर्विवाद रुपमा पुष्टि भईरहेकोमा बुझाउने रकम नबुझाएको स्पष्ट हुंदाहुदै सम्झौता गर्दाको अवस्थामा निज राष्ट्रसेवक नभएको कुरालाई मात्र जोडी हाल निज राष्ट्रसेवक जनप्रतिनिधि रहेको समयावधिमा गरेको भ्रष्टाचारजन्य कसूर भएको भन्ने तथ्यगत यथार्थतालाई अनदेखा गरी सफाई दिने फैसला त्रुटिपूर्ण रहेको।

ख. स्थानीय तह निर्वाचन नियमावली,२०७३ को नियम ५ को उपनियम (१) सँग सम्वन्धित अनुसूची-१मा भएको अन्य कुराहरुको अतिरिक्त मनोनित उम्मेदवारले खुलाउनु पर्ने विषयको सम्बन्धमा प्रकरण नं.(च) मा उल्लेख भएको विषयमा " गाउँपालिका वा नगरपालिका (साबिक गाउँ विकास समिति वा नगरपालिका समेत) लाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बूझाई सकेको छु तथा गाउँपालिका वा नगरपालिकासंग ठेक्का पट्टा वा चलअचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न भएको छैन"।(गाउँपालिका वा नगरपालिकाको सदस्यको उम्मेदवारको हकमा) भनी स्वघोषणा गरी स्थानीय निकायको पदाधिकारीमा निर्वाचनमा सहभागी हुन पाईने व्यवस्था रहेकोमा निज प्रतिवादी सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिकासंग ठेक्का पट्टा सम्बन्धी व्यवहारमा संलग्न हुंदाहुदै पनि निर्वाचनमा भाग लिन नपाउने निज प्रतिवादीले निर्वाचनमा भागलिई निर्वाचित भएको र निर्वाचित भए पश्चात वडाध्यक्ष पदको प्रभाव पारेर हाल कायम हुन गएको साविक सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिकालाई बुझाउनु पर्ने कुनै पनि किस्ता रकम नबुझाई हानिनोक्सानी पुऱ्याएको पुष्टि भईरहेकोमा निजलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. प्रतिवादीले आफूलाई फाईदा पुग्ने र नगरपालिकालाई हानिनोक्सानी पुऱ्याउने दुषित मनसायले वार्षिक रुपमा निरन्तर तिर्नु बुझाउनु पर्ने ठेक्का सम्झौता बमोजिमको किस्ता रकम नतिरेको नबुझाएको अवस्थामा राष्ट्रसेवक नरहेको अवधिमा गरेको सम्झौता अनुसार भए गरेको कार्य हुँदा सार्वजनिक पदाधिकारीले गरेको अपकार्यकालागि मात्र आरोपित कसूरमा अनुसन्धान गरी कारबाही चलाउन सकिने कानूनी व्यवस्थालाई पछि धारण गरेको सार्वजनिक पदलाई आधार मानी सो पदमा प्रवेश नहुदैको अवधिमा गरेको कामकारवाहिको लागि सार्वजनिक पद हो भनी मुद्दा चलाउन न्यायोचित नहुने भनी ब्याख्या गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

घ. प्रतिवादीले तिर्नु बुझाउनु पर्ने दायित्व बहन गर्न तयार रहेको भनी कसूर सावित बयानलाई फैसलामा देवानी दायित्वको विषय बनाई साहुको तमसुकी रकम तिर्न तयार भए जस्तो गरी भ्रष्टाचारको कसूरमा सावित प्रतिवादीलाई उन्मुक्ति दिने गरी भएको फैसला सरासर त्रुटिपूर्ण रहेको।

ङ. प्रतिवादीले आपराधिक मनसायले नगरपालिकालाई तिर्नु बूझाउनु पर्ने रकम नतिरेको कार्य तथ्यगत रुपमा पुष्टि भएको अवस्था हुँदाहुँदै प्रतिवादीलाई भ्रष्टाचारजन्य फौजदारी कसुरको दायित्वबाट उन्मुक्ति दिनेगरी गाउँपालिकाले पाउनुपर्ने रकम पनि नडुब्ने र प्रतिवादीले सामान्य नागरिकको हैंसियतमा गरेको ठेक्का कबुलियत सम्झौताको शर्त उल्लंघन गरेकोमा फौजदारी दायित्व पनि बेहोर्नु नपर्ने भएबाट Equity Justice को दृष्टिकोणले पनि न्यायिक संतुलन हुन जाने देखिएको भनी भ्रष्टाचार जस्तो गंभिर फौजदारी कसूरलाई अनदेखा गरी अनुमानमा आधारित रही तथ्य भन्दा फरक असान्दर्भिक ब्याख्या गरी मिसिल संलग्न तथ्य प्रमाणहरुको मुल्याङकन नगरी एवं भ्रष्टाचार सम्वन्धी कानूनी व्यवस्था समेतलाई नजरअन्दाज गरी प्रतिवादीलाई आरोपदावी बमोजिमको कसूर ठहर तथा सजाय नगरी भएको फैसला त्रुटिपूर्ण देखिएको।

प्रवक्ता

नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **शम्भुप्रसाद यादब भएको मुद्दा (०७८-CR-००४८)** (वि.अ. को( मुद्दा नं. ०७८-CR-००४८ वि.अ. को फैसला मिति २०८०।०८।२७ | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको। | जिल्ला महोत्तरी सहोडवा गा.वि.स. वडा नं. ६ को हाल पिपरा गाउँपालिका वडा नं. ५ मा पर्ने ठूलो सुब्बा पोखरीको तत्कालीन सहोडवा गा.वि.स. को कार्यालयले मिति २०७१ साल भाद्र १ गते देखि २०७६ साल भाद्र मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त हुँदा जम्मा रू. ५४,००,०००/- मा तत्कालीन सहोडवा गा.वि.स. वडा नं. १ मा बस्ने हाल पिपरा गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष शम्भु प्रसाद यादवको नाममा ठेक्का स्वीकृत भएकोमा निजले हालसम्म पनि गा.वि.स.को कार्यालयलाई ठेक्का वापतको बुझाउनु पर्ने रकम नबुझाइ भ्रष्टाचारजन्य कसूर गरेको भन्ने समेत बेहोराको उजुरी निवेदन उपर अनुसन्धान भई अनुसन्धानबाट जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का (२०७१ साल भाद्र १ गतेदेखि मिति २०७६ साल आषाढ मसान्तसम्मको लागि रू. ५४,६४,००६/-(चौबन्न लाख चौसट्ठी हजार छ रुपैंया) सकार गर्ने जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष | **१. फैसलाः**<br>विशेष अदालतबाट प्रतिवादी शम्भुप्रसाद यादब लाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी मिति २०८०।०८।२७ मा फैसला भएको।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) यी प्रतिवादीले सम्झौता गर्दाको अवस्थामा निर्वाचित पदाधिकारी रहेको नदेखिएको अवस्थामा निजलाई सार्वजनिक पदका व्यक्ति हुन् भनि अभियोजन पक्षले प्रमाणित गर्न सकेको नदेखिदा निजलाई प्रस्तुत अभियोगमा कारवाहि हुने अवस्था नरहने।<br>ख)सार्वजनिक पदाधिकारीले गरेको अपकार्यकालागि मात्र आरोपित कसूरमा अनुसन्धान गरी कारबाहि चलाउन सकिने कानूनी व्यवस्थालाई पछिबाट धारण गरेको सार्वजनिक पदलाई आधार मानी सो पदमा प्रवेश नहुदैको अवधिमा गरेको कामकारवाहिकोलागि सार्वजनिक पद हो भनी मुद्दा चलाउन न्यायोचित नहुने।<br>ग)सार्वजनिक पदमा नरहेको अवस्थामा भए गरेका व्यवहारका लागि निर्धारित समय अवधि पछिबाट प्राप्त सार्वजनिक पदको आधारमा कसूरमा संलग्न भएको भनी कसूर कायम गर्नु संविधान ,कानून र न्यायका मान्य सिद्धान्त विपरित हुन जाने।<br>घ)प्रतिवादीले अदालतको वयानमा "यदी रकम बाँकी तिर्न छ भनि मलाई जानकारी गराएको भए तिर्न तयार छु।विल भौचर देखाई हरहिसाब गरी बाँकी रहेको रकम तिर्छु भनि भनेको छु"भनि वयान गरेको देखिदा गाउँपालिकाको ठेक्का वापतको रकम | क)जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का (२०७१ साल भाद्र १ गतेदेखि मिति २०७६ साल आषाढ मसान्तसम्मको लागि रू. ५४,६४,००६/-(चौबन्न लाख चौसट्ठी हजार छ रुपैंया) सकार गर्ने जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष शम्भु प्रसाद यादवले मिति २०७३।१०।०४ सम्ममा जम्मा रू. १९,४२,८०१/२० (उन्नाईसलाख बयालिस हजार आठसय एक रुपैया बीस पैसा) मात्र साविक सहोडवा गा.वि.स.लाई बुझाएको र आफू वडाध्यक्षमा मिति २०७४।०६।०२ को निर्वाचनबाट निर्वाचित भएपछि वडाध्यक्ष पदको प्रभाव पारेर हाल कायम हुन गएको पिपरा गाउँपालिकालाई बुझाउन पर्ने कुनै पनि किस्ता रकम नबुझाई आफूलाई गैरकानुनी लाभ पुऱ्याई ठूलो सुब्बा पोखरीको ठेक्का वापतको बाँकी रकम रू.३५,२१,२०४/८० (पैतिस लाख एक्काइस हजार दुईसय चार रुपैया असी पैसा) साविक सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिका,महोत्तरीलाई बदनियतपूर्वक हानिनोक्सानी गराएको निर्विवाद रुपमा पुष्टि भईरहेकोमा निज निर्वाचित जनप्रतिनिधि भए पश्चात निजले साविक सहोडवा गा.वि.स. हाल पिपर गाउँपालिकालाई बुझाउने रकम नबुझाएको स्पष्ट हुंदाहुदै सम्झौता गर्दाको अवस्थामा निज राष्ट्रसेवक नभएको कुरालाई मात्र जोडी हाल निज राष्ट्रसेवक जनप्रतिनिधि रहेको समयावधिमा गरेको भ्रष्टाचारजन्य कसूर भएको भन्ने तथ्यगत यथार्थतालाई अनदेखा गरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिएको।<br>ख) प्रतिवादी शम्भुप्रसाद यादव र तत्कालिन सहोडवा गा.वि.स.को कार्यालयले मिति २०७१ साद भाद्र १गते दखि २०७६ साल भाद्र मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त भई जम्मा रु.५४,६४,००६/-गा.वि.स. लाई ठेक्का बुझाउनु पर्ने देखिन्छ।सहोडवा गा.वि.स.एकिकृत भई पिपरा गाउँपालिका भएको र निज प्रतिवादी शम्भुप्रसाद यादब २०७४।०६।०२ को निर्वाचनमा पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष पदमा निर्वाचित भएको देखिन्छ।स्थानीय तह निर्वाचन नियमावली,२०७३ को नियम ५ को उपनियम (१)संग सम्वन्धित अनुसूची-१मा भएको अन्य कुराहरुको अतिरिक्त मनोनित उम्मेदवारले खुलाउनु पर्ने विषयको सम्बन्धमा प्रकरण नं.(च) मा उल्लेख भएको विषयमा " गाउँपालिका वा नगरपालिका (साबिक गाउँ विकास समिति वा नगरपालिका समेत) लाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बूझाई सकेको छु तथा गाउँपालिका वा नगरपालिकासंग ठेक्का पट्टा वा चलअचल सम्पत्ति सम्बन्धी व्यवहारमा संलग्न भएको छैन ।(गाउँपालिका वा नगरपालिकाको सदस्यको उम्मेदवारको हकमा) भनि स्वघोषणा गरी स्थानीय निकायको पदाधिकारीमा निर्वाचनमा सहभागी हुन पाईने व्यवस्था रहेकोमा निज प्रतिवादी सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिकासंग ठेक्का पट्टा सम्बन्धी व्यवहारमा संलग्न हुंदाहुदै पनि निर्वाचनमा भाग लिन नपाउने निज प्रतिवादीले निर्वाचनमा भागलिई निर्वाचित भएको र निर्वाचित भए पश्चात वडाध्यक्ष पदको प्रभाव पारेर हाल कायम हुन गएको साविक सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिकालाई बुझाउनु पर्ने कुनै पनि किस्ता रकम नबुझाई आफुलाई गैरकानुनी लाभ पुऱ्याई प्रारम्भबाटै गलत मनसाय लिई ठूलो सुब्बा पोखरीको ठेक्का वापतको बाँकी रकम रू.३५,२१,२०४/८० (पैतिस लाख एक्काइस हजार दुईसय चार रुपैया असी पैसा) साविक सहोडवा गा.वि.स.हाल पिपरा गाउँपालिका,महोत्तरीलाई बदनियतपूर्वक हानिनोक्सानी पुऱ्याएको पुष्टि भईरहेकोमा निज प्रतिवादी शम्भुप्रसाद यादबलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण देखियो।<br>ग) निज प्रतिवादी निर्वाचित भई वडाध्यक्षको कार्यभार सम्हाले पछि निजले बदनियतपूर्वक ठेक्का सम्झौता बमोजिमको किस्ताबन्दी रकम गा.वि.स. लाई नबुझाएको अवस्थाको विद्यमानता रहेकोले निज राष्ट्रसेवक भएको अवस्थामा कसूर भए गरेको तथ्यमा विवाद छैन।कसूर गर्दाको पदीय दायित्व एवं जिम्मेवारीको बेपरवाह गरी निज प्रतिवादीले बदनियतपूर्ण आफूलाई फाईदा पुग्ने र सरकार तथा नगरपालिकालाई हानि नोक्सानी पुऱ्याउने दुषित मनसायले वार्षिक रुपमा निरन्तर तिर्नु बुझाउनु पर्ने ठेक्का सम्झौता बमोजिमको किस्ता रकम नतिरेको नबुझाएको अबस्थामा राष्ट्रसेवक नरहेको अवधिमा गरेको सम्झौता अनुसार भए गरेको कार्य हुँदा सार्वजनिक पदाधिकारीले गरेको अपकार्यकालागि मात्र आरोपित कसूरमा अनुसन्धान गरी कारबाहि चलाउन सकिने कानूनी व्यवस्थालाई पछिबाट धारण गरेको सार्वजनिक पदलाई आधार मानी सो पदमा प्रवेश नहुदैको अवधिमा गरेको कामकारवाहिकोलागि सार्वजनिक पद हो भनी मुद्दा चलाउन न्यायोचित नहुने भनि ब्याख्या गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको देखिएको।<br>घ) सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा आर्थिक अनुशासन नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | शम्भु प्रसाद यादवले मिति २०७३।१०।०४ सम्ममा जम्मा रू. १९,४२,८०१/२० (उन्नाईसलाख बयालिस हजार आठसय एकरुपैया बीसपैसा) मात्र साविक सहोडवा गा.वि.स.लाई बुझाएको र आफू वडाध्यक्षमा मिति २०७४।०६।०२ को निर्वाचनबाट निर्वाचित भएपछि वडाध्यक्ष पदको प्रभाव पारेर हाल कायम हुन गएको पिपरा गाउँपालिकालाई बुझाउनु पर्ने कुनै पनि किस्ता रकम नबुझाई आफूलाई गैरकानूनी लाभ लिई ठूलो सुब्बा पोखरीको ठेक्का वापतको बाँकी रकम रू.३५,२१,२०४/८० (पैतिस लाख एक्काइस हजार दुईसय चार रुपैया असी पैसा) साविक सहोडवा गा.वि.स. हाल पिपरा गाउँपालिका,महोत्तरीलाई बदनियतपूर्वक हानि नोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुनआएको देखिंदा निज वडाध्यक्ष शम्भुप्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ ले निर्देश गरे बमोजिम दफा ३(१) र दफा ३(१) को खण्ड (छ) बमोजिम सजाय हुन तथा हानिनोक्सानी भएको विगो रकम रू.३५,२१,२०४/८० | हिनामिना हुने अवस्था समेत देखिदैन।यसरी गाउँपालिकाले पाउनुपर्ने रकम पनि नडुब्ने र यी प्रतिवादीले सामान्य नागरिकको हैसियतमा गरेको ठेक्का कबुलियत सम्झौताको शर्त उल्लंघन गरेकोमा फौजदारी दायित्व पनि बेहोर्नु नपर्ने भएबाट Equity Justice को दृष्टिकोणले पनि न्यायिक संतुलन हुन जाने देखिएको । | निवारण ऐन, २०५९को मूल उद्देश्य रहेको देखिन्छ। विधायिकाले निर्माण गरेका हरेक ऐनमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न ऐन निर्माण गरेको भन्ने विशेष शब्दावलीको प्रस्तावनामा उल्लेख गरेको हुँदैन छैन। यस ऐनको प्रस्तावनाबाटै भ्रष्टाचारको कसूर आर्थिक अनुशासनहिन र नैतिकता विरुद्धको कसूर हो भन्ने प्रष्ट छ। यसमा कुनै किन्तु, परन्तु, तर, यद्यपी, जे सुकै भनिएता पनि जस्ता आदि इत्यादि कुनै पनि खालको शर्त, अवस्था, परिस्थिति वा कसूरको प्रकृतिको तर्क वा शब्दावली प्रयोग गरी विधायिकी उद्देश्य विपरीत ऐनको ब्याख्या गर्नु कानूनी शासनका लागि चुनौति थप्नु हो। यस प्रकारको चुनौतिले समाजमा अराजकता निम्त्याउन सक्ने र सरकारी रकमको दोहन हुन पुगी चरम आर्थिक अनियमितताको बृद्धि हुने हुदाँ यस तर्फ न्यायिक निकाय गम्भिर हुनु पर्नेमा यी प्रतिवादी प्रति सदासयता देखाई भएको उक्त फैसला विधायिकी मनसाय तथा भ्रष्टाचार निवारण ऐन,२०५९ को मर्म र भावना विपरित विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण देखिएको।<br>ङ) भ्रष्टाचार निवारण ऐन तथा कानूनी व्यवस्थाको उद्देश्य मुखरित गर्ने, प्रभावकारी कार्यान्वयन गर्ने गराउने दायित्व र जिम्मेवारी राज्यका सरोकारवाला सबै निकायको जिम्मेवारी हो। भ्रष्टाचारको अनुसन्धान गर्ने निकायले कानून बमोजिमको जिम्मेवारी पूरा गरी आरोप लगाउने, सक्षम अदालतले प्रचलित कानूनी व्यवस्था र संकलित सबूद प्रमाण बमोजिम न्याय सम्पादन गरी भ्रष्टाचारजन्य कसूरलाई निरुत्साहित गरी राज्यमा आर्थिक अनुशासन कायम गर्नु गराउनु पर्ने नेपालको संवैधानिक व्यवस्था बमोजिम यी प्रतिवादी उपर अनुसन्धान भई मुद्दा चलेको र निज प्रतिवादी शम्भुप्रसाद यादवले बदनियसाथ पदीय दवाव प्रभावमा मिति २०७३।१०।०४ पछि तिर्नु बुझाउनु पर्ने ठेक्काको किस्ता नतिरेको नबुझाएको प्रष्ट हुँदाहुँदै निज प्रतिवादीलाई कसूरदार ठहर नगरी भएको फैसला त्रुटिपूर्ण देखियो।<br>च)प्रतिवादीले तिर्नु बुझाउनु पर्ने दायित्व बहन गर्न तयार रहेको भनी कसूर सावित बयानलाई फैसलामा देवानी दायित्वको विषय बनाई साहुको तमसुकी रकम तिर्न तयार भए जस्तो गरी भ्रष्टाचारको कसूरमा सावित प्रतिवादीलाई उन्मुक्ति दिने गरी भएको विशेष अदालतको फैसला सरासर त्रुटिपूर्ण हुँदा बदरभागी देखिएको।<br>छ) जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का सम्झौता हुँदाको बखत निज प्रतिवादी राष्ट्रसेवक नरहेको र निजले सार्वजनिक पद धारणा गरेको अवस्था नरही उन्मुक्ति हुने भन्नु न्यायको मान्य सिद्धान्तको रोहमा समेत उचित नभएको, निजले कसूर गर्दाको अवस्थामा सार्वजनिक जवाफदेहिको पदमा बहाल रहि सो पदको चरम दुरुपयोग गरी मिति २०७४।०६।०२ को निर्वाचनबाट निर्वाचित भएपछि वडाध्यक्ष पदको प्रभाव पारेर गलत मनसाय लिई बदनियतपूर्वक आफूलाई गैरकानुनी लाभ र राज्यलाई गैरकानुनी हानी पुग्ने कार्य गरेको स्पष्ट छ। जिल्ला महोत्तरी साविक सहोडवा गा.वि.स. वडा नं. ६ हाल पिपरा गाउँपालिका वडा नं. ५ स्थित रहेको ठूलो सुब्बा पोखरी ठेक्का (२०७१ साल भाद्र १ गतेदेखि मिति २०७६ साल आषाढ मसान्तसम्मको लागि रू. ५४,६४,००६/-(चौबन्न लाख चौसट्ठी हजार छ रुपैंया) सकार गर्ने जिल्ला महोत्तरी पिपरा गाउँपालिका वडा नं.५ का वडा अध्यक्ष शम्भु प्रसाद यादवले मिति २०७३।१०।०४ सम्ममा जम्मा रू. १९,४२,८०१/२० (उन्नाईसलाख बयालिस हजार आठसय एक रुपैया बीस पैसा) मात्र साविक सहोडवा गा.वि.स.लाई बुझाएको र आफू वडाध्यक्षमा मिति २०७४।०६।०२ को निर्वाचनबाट निर्वाचित भएपछि यी प्रतिवादीले आपराधिक मनसायले नगरपालिकालाई तिर्नु बूझाउनु पर्ने रकम नतिरेको कार्य तथ्यगत रुपमा पुष्टि भएको अवस्था हुँदाहुँदै निज प्रतिवादीलाई भ्रष्टाचारजन्य फौजदारी कसूको दायित्वबाट उन्मुक्ति दिनेगरी गाउँपालिकाले पाउनुपर्ने रकम पनि नडुब्ने र यी प्रतिवादीले सामान्य नागरिकको हैसियतमा गरेको ठेक्का कबुलियत सम्झौताको शर्त उल्लंघन गरेकोमा फौजदारी दायित्व पनि बेहोर्नु नपर्ने भएबाट Equity Justice को दृष्टिकोणले पनि न्यायिक संतुलन हुन जाने देखिएको भनि भ्रष्टाचार जस्तोगंभिर फौजदारी कसूरलाई हलुका तवरले लिई वास्तविकतालाई अनदेखा गरी अनुमानमा आधारित रहि तथ्य भन्दा फरक असान्दर्भिक ब्याख्या गरी विशेष अदालतबाट मिसिल संलग्न तथ्य प्रमाणहरुको मुल्याङकन नगरी एवं भ्रष्टाचार सम्वन्धी कानूनी व्यवस्था समेतलाई नजरअन्दाज गरी प्रतिवादी शम्भुप्रसाद यादवलाई आरोपदावी बमोजिमको कसूर ठहर तथा सजाय नगरी भएको फैसला त्रुटिपूर्ण देखिएको हुँदा आरोपपत्र मागदावी बमोजिम सजाय हुन। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (पैतिस लाख एक्काइस हजार दुई सय चार रुपैया असी पैसा) ऐ.ऐनको दफा १७ बमोजिम असुल उपर हुन समेतको मागदाबी रहेको। | | |